पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
पाटन , बैतडी
सुदुरपश्चिम प्रदेश , नेपाल

प. स. ०७७/०७८
च नं २८५

मिति -२०७७/०५/ १५ गते

विषय – बैकल्पिक प्रणालीवाट विद्यार्थीहरुको सिकाइमा सहजिकरण गर्ने सम्वन्धमा ।

श्री नगरपालिका अन्तरगतका सम्पूर्ण सामुदायिक विद्यालयहरु

प्रस्तुत विषय सम्वन्धमा बैकल्पिक प्रणालीवाट विद्यार्थीको सिकाइ सहजीकरण पुस्तिका २०७७ को ( पहिलो संसोधन) बमोजिम शिक्षकलाई सिकाई सहजिकरण कार्य तथा सिकाइ प्रगतिको लेखाजोखा / मूल्याङ्कन कार्यमा खटाइ तहाँ विद्यालयवाट अनुगमन तथा मूल्याङ्कन गरी कोभिड – १९ संक्रमणको विषम परिस्थितिमा विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिनहुन अनुरोध गरीन्छ । पुन:श्च शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठीमि भक्तरपुरवाट प्रकाशित सहजिकरण पुस्तिका बमोजिमको शिक्षकले सहिकरणमा गर्नु पर्ने कार्य र विद्यालयले निर्वाह गर्नु पर्ने भुमिकाको छायाँ प्रति पनि यसै पत्र साथ पठाएको व्यहोरा जानकारी गरिन्छ ।

धर्मराज न्यौपाने

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

वोधार्थ

श्री सूचना तथा प्रविधि शाखा – वेबसाइटमा अपलोड गरिदिनहुन

(४) सिकाइ सहजीकरण योजना बनाउँदा प्रारम्भिक बालविकासदेखि कक्षा तीनसम्म र बालबालिकाको अभिभावक र माथिल्लो कक्षामा आफूले दिनुपर्ने समय मिलाई नजिकबाट सहयोग गर्ने,

(५) अभिभावकहरूको अवस्था र क्षमता पहिचान गरी आवश्यकता अनुसार बालबालिकाको सिकाइमा सहयोग उपलब्ध गराउन सक्ने नजिकको युवासँग समन्वय गरी उक्त कार्यमा आवश्यक सहयोग प्राप्त गर्ने ।

(६) विद्यार्थीको तह, उमेर र सिकाइ क्षमताको आधारमा पनि कसलाई कति समय आवश्यक पर्छ, योजनामा उल्लेख गर्ने,

(७) विद्यार्थीलाई गृहकार्य दिने र गृहकार्य गराउन अभिभावकहरूलाई समेत जिम्मेवार बनाउने र समय समयमा फलोअप गर्ने । गृहकार्य दिँदा प्रारम्भिक बालविकासदेखि कक्षा तिनसम्म र माथिल्लो कक्षाको सिकाइ क्षमता र अभिभावकको सिकाउन सक्ने क्षमतालाई मध्यनजर गर्दै पाठ्यक्रम/पाठ्यपुस्तकमा आधारित परियोजना कार्यहरूलाई समावेश गराउने,

(८) विविध कारणले सिकाइमा कठिनाइ भोगिरहेका विद्यार्थीहरूका लागि अभिभावकले घरमा नै गर्न सक्ने सिकाइ सहयोग योजना बनाई अभिभावकलाई फोन वा प्रत्यक्ष जानकारी गराई सो अनुरुप कार्य गर्न अनुरोध गर्ने,

(९) प्रारम्भिक बालविकासदेखि कक्षा तीनसम्मका बालबालिकाहरूलाई बढीभन्दा बढी अन्तर्क्रिया गर्न, उपलब्ध सामग्रीहरू प्रयोग गर्न, दोहोर्‍याई दोहोर्‍याई कार्य गर्न वा पढेर सुनाउन, लेखेर देखाउन, बुझाइ भए नभएको सोधेर एकिन गर्न अभिभावकहरूलाई संलग्न गराउने,

(१०) शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायत प्रदेश र स्थानीय तहबाट प्रकाशित सामग्रीहरू बालबालिकालाई पढ्न र अभिभावकलाई सिकाउन वा पढे नपढेको सुनिश्चित गर्न सहयोग गर्ने,

(११) बालबालिकाको घरमा सिकाइका लागि दैनिक कार्यतालिका निर्माण गर्न सहजीकरण गर्ने,

(१२) प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि सिकाइ कियाकलाप बनाउँदा सर्वाङ्गीण विकासका सबै पक्ष समावेश भएको र बालबालिकाका सबै इन्द्रियहरू क्रियाशील हुने खालका कियाकलाप बनाउने,

(१३) बालबालिकाले सिकेको सुनिश्चित गर्न अभिभावक भेट तथा बालबालिकाले गरेका कियाकलापको अभिलेख (फोटो, चित्रहरू, लेखेका कापीका पानाहरू वा अभिभावकले भनेका रेकर्ड) जम्मा गर्ने,

(१४) प्रारम्भिक बालविकास उमेरका कियाकलापमा प्रयोग हुने सामग्री सकेसम्म घर छिमेकमा नै उपलब्ध भएको छान्ने ।

(२)

## ५.२ रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूहका लागि

(१) शिक्षकहरूले कुन कुन बालबालिकाको घरमा रेडियो छ सोको सूचना लिने र पढाइ कार्यक्रम सुनेको छ छैन सो बारे अभिभावकसँग सञ्चार सम्पर्क गर्ने र आवश्यक सुझाव दिने,

(२) रेडियोका कार्यक्रमको समयतालिकाका बारेमा अभिभावक र विद्यार्थीमा सूचना पुऱ्याउने,

(३) शिक्षकले बालबालिकाहरूलाई पहिला प्रश्न दिने, परियोजना कार्य दिने अनि दैनिक समयतालिका अनुसार रेडियो, एफएम रेडियो सुन्न लगाउने । अनि भौतिक दूरी कायम राखी भेटेर वा फोनमार्फत विद्यार्थीहरूसँग सम्पर्क गरेर केही प्रश्नोत्तर वा अन्तर्क्रिया गर्ने । प्रश्नोत्तर गर्दा रेडियोमा प्रसारण भएको पाठ राम्रोसंग सुन्न सकियो कि सकिएन ? सुनेको भए पाठमा प्रसारण भएका सन्देश तथा अभ्यासहरू बुझ्न सकियो कि सकिएन ? आदि प्रश्न सोध्ने र छलफल गरी स्पष्ट पार्ने,

(४) अभिभावकले रेडियोमा प्रसारण हुने पाठ बालबालिकासँगै बसी सुन्न र छलफल गर्न प्रोत्साहित गर्ने ।

(५) रेडियोमार्फत प्रसारण भएको पाठ बुझ्नमा बालबालिकाहरूलाई परेको समस्या यकिन गर्ने र समस्या समाधान गरिदिने,

(६) प्रारम्भिक बालविकासदेखि कक्षा तिनसम्मका विद्यार्थीहरूको अभिभावकहरूसँग रेडियो कार्यक्रममा दैनिक योजना बनाई अभिभावकहरू नदोहरिने गरी कुनै विषयवस्तुमा फोनमार्फत-सम्पर्क गरेर बालबालिकाको सिकाइमा सहयोगका लागि सुझावहरू दिने,

(७) बहिरा तथा सुनाइसम्बन्धी अपागङ्ता भएका विद्यार्थी छन् भने साङ्केतिक भाषा बुझ्ने र बोल्ने शिक्षक परिचालनका लागि विद्यालय वा स्थानीय तहसँग अनुरोध गर्ने । अभिभावकको सहयोग लिएर रेडियोको पाठ बुझाउने प्रयास गर्ने,

(८) बौद्धिक अपागङ्ता भएका विद्यार्थीको हकमा भने पाठ प्रसारण हुने बेलामा अभिभावकले पनि सुन्ने र बुझाउने ।

(९) नेपाली दोस्रो भाषा भएका प्रारम्भिक कक्षाका विद्यार्थीहरूको हकमा भने अभिभावकहरूलाई पाठ सुन्न र बुझाउनका लागि परिचालन गर्ने ।

## ५.३ टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूहका लागि

(१) शिक्षकहरूले कुन कुन बालबालिकाको घरमा टेलिभिजन छ सोको सूचना लिने र पढाइ कार्यक्रम सुनेको वा हेरेको छ छैन सो बारे आफू सुरक्षित रही भेट्ने वा अभिभावकसँग सञ्चार सम्पर्क गर्ने र आवश्यक सुझाव दिने,

(२) टेलिभिजनका कार्यक्रम र समयतालिका बारे अभिभावक र विद्यार्थीमा सूचना पुऱ्याउने,

(३) टेलिभिजनका कार्यक्रममा दैनिक योजना बनाई विद्यार्थीहरू नदोहरिने गरी कुनै विषयवस्तुमा फोनमार्फत सम्पर्क गरेर केही प्रश्नोत्तर वा अन्तर्क्रिया गर्ने,

(४) भर्चुअल कक्षा सञ्चालन गर्ने ।

(५) प्रारम्भिक बालविकासदेखि कक्षा तिनसम्मका बालबालिकालाई भर्चुअल कक्षा सञ्चालन गर्दा बालबालिकाको ध्यान केन्द्रित गर्न सक्ने अवधिलाई ध्यानमा राखी बढीमा १५ मिनेटको कक्षा सञ्चालन गर्ने । यस्ता कियाकलाप बनाउँदा सर्वाङ्गीण विकासका सबै पक्ष समावेश भएको र बालबालिकाका सबै इन्द्रीयहरू कियाशील हुने खालका बनाउने ।

## ६. विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा/मूल्याङ्कन

सिकाइ सहजीकरण क्रियाकलापपछि विद्यार्थीले हासिल गरेको सिकाइउपलब्धि लेखाजोखा गर्नु पर्दछ । यसका लागि देहायका विधिहरू अपाउन सकिन्छ :

(क) सम्बन्धित विषय शिक्षकले विद्यार्थीलाई पाठ्यक्रमका आधारमा विषयवस्तु अनुसार हरेक दिन सिकेका विषयहरूको विवरण तयार गर्न लगाउने । यसका लागि गृहकार्य दिने, भर्चुअल कक्षाको प्रसारण तालिकाअनुसार गरेका क्रियाकलापहरूको सूची तयार गर्न लगाउने, परियोजना कार्य गराउने जस्ता कार्यहरूको कार्यसम्पादनलाई आधार मान्ने,

(ख) घरमा गरेका कार्य, सामाजिक व्यवहार, सामुदायिक कार्य, कृषि कार्य, घरायसी कार्य, कोरोना प्रतिरोधी कार्य, सरसफाइ, पारस्परिक सहयोग आदानप्रदान लगायत हासिल गरेका जीवनोपयोगी सिपहरूको विवरण सङ्कलन गर्ने,

(ग) कथा, कविता, निबन्ध, लेख रचना, चित्र लेखन, चोयाका कार्यहरू, गुन्द्री चटाइ आदि बुन्ने, सिलाइ बुनाइ, फोटोग्राफी, नाचगान, बाजा बजाउने जस्ता सिर्जनात्मक कार्यहरूलाई विषय हेरी मूल्याङ्कनका आधार बनाउने,

(घ) अनलाइन स्रोत, रेडियो, टेलिभिजनमा प्रसारित पाठ वा अग्रज एवम् सहजकर्ताको सहयोगमा गरिएका क्रियाकलापको अभिलेख सङ्कलन गर्ने,

(ङ) पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्धारण गरिएका निरन्तर तथा आवधिक मूल्याङ्कन विधिहरूको उपयोग गर्ने । साथै विद्यालय खुलेपछि समूह विभाजन गरी थप सिकाइ योजना बनाएर पूरक शिक्षण गतिविधि सञ्चालन गर्दै यसलाई पनि मूल्याङ्कनमा समावेश गर्ने,

(च) बालबालिकाले वैकल्पिक प्रणालीबाट सिकेका सिकाइलाई निम्नअनुसारको ढाँचामा विवरण तयार पार्न लगाउने र उक्त विवरण विद्यालय पुनः सञ्चालनपश्चात् कक्षामा छलफल गराउने ।

विद्यार्थीको नाम : , कक्षा:

| क्र.सं | विषय | सिकेको मुख्य विषय | सिकेको मिति | अभिभावक/ सहजकर्ताको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(२) वैकल्पिक प्रणालीअन्तर्गत विद्यार्थी सिकाइ सहजीकरण गर्नका लागि शिक्षकको क्षमता विकासका क्षेत्रहरूको पहिचान गर्दै तालिम केन्द्र तथा विकास साझेदारहरूसँगको सहकार्यमा अनलाइन तथा अफलाइन तालिम तथा क्षमता विकासका कार्यक्रमहरूमा समन्वय गर्ने, सञ्चालन गर्ने,

(३) सबै शिक्षकहरूलाई विद्यालय वा समुदायमा पुगी तोकिएको कार्य गर्न सहजीकरण गर्ने ।

## ७.५ विद्यालयको भूमिका

(१) विद्यालयका शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी वैकल्पिक प्रणालीअन्तर्गत बालबालिकाहरूको समूह निर्माणका लागि सूचना सङ्कलन, समूह निर्माण, बालबालिका सिकाइ सहजीकरणका लागि उपयुक्त कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने, गराउने,

(२) विद्यार्थी सिकाइ सहजीकरणका लागि सबै विद्यार्थीहरूलाई उनीहरूको पाठ्यपुस्तक उपलब्ध गराउने । विद्यार्थी सिकाइका लागि केन्द्रबाट उत्पादित पूर्व प्राथमिकदेखि कक्षा ८ सम्मको स्वाध्ययन तथा सिकाइ सामग्रीहरू सम्भव भएसम्म स्थानीय तहसँग समन्वय गरी छपाइको व्यवस्था गरी उपलब्ध गराउने । रेडियो तथा टेलिभिजन सिकाइ सामग्री प्रसारण समयतालिका उपलब्ध गराउने,

(३) विकास भएका अनलाइन तथा अफलाइन सिकाइ सामग्रीहरू शिक्षकलाई उपलब्ध गराउने,

(४) सेवा क्षेत्रका सबै विद्यार्थीलाई वैकल्पिक प्रणालीमा आवद्ध गरी सिकाइ सुनिश्चित गर्न शिक्षक तथा आवश्यकतानुसार स्थानीय तहसँग समन्वय गरेर स्वयम्सेवकलाई सहजीकरण गर्ने, गराउने,

(५) शिक्षकहरूलाई वैकल्पिक प्रणालीअन्तर्गत सिकाइ सहजीकरण गर्न आवश्यक क्षमता विकासका क्षेत्रहरू पहिचान गरी स्थानीय तह, तालिम केन्द्रसँग समन्वय गरी अनलाइन तथा अफलाइन तालिममा सहभागी गर्ने, गराउने,

(६) शिक्षकहरूलाई विद्यार्थीको सिकाइ आवश्यकता र स्थानीय परिवेशअनुसार छापा वा डिजिटल शैक्षिक सामग्री उत्पादन गर्न र रेडियो, टेलिभिजन तथा अनलाइनमा स्रोत शिक्षकका रूपमा समेत सिकाइ सहजीकरण गर्न प्रोत्साहन गर्ने,

(७) विद्यार्थी सिकाइमा शिक्षकलाई सहयोग गर्न अभिभावकहरूलाई सचेतीकरण गर्ने, रेडियो, टेलिभिजन तथा अन्य माध्यमबाट सिकाइ गरिने समयतालिका उपलब्ध गराउने र विद्यार्थीलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपहरू सिकाउन अभिभावकलाई अभिप्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घसँग समन्वयात्मक कार्यहरू गर्ने, गराउने,

(८) स्थानीय परिवेश अनुकूल सिकाइ सामग्रीहरू विकास गर्न, पाठ्यक्रम तथा पाठ्यपुस्तकमा